*For immediate release*

# Press Release

## *Survey findings calls for increased HIV and family planning-related interventions for migrant couples*

**Kathmandu, 28, April 2013:** The baseline survey on *Family Planning (FP) including Rapid Assessment of HIV, STI and FP among migrant couples"* in Nepal has shown limited knowledge and utilization of HIV and family planning-related services among the male labor migrants (MLMs) and wives of male labor migrants (WoMLMs) in Bara, Kapilbastu, Nawalparasi and Palpa districts and called upon relevant organizations and government agencies for immediate scaling up, and strengthening integrated HIV and family planning services targeting migrant households. This was shared at a dissemination program which was attended by representatives from the Government, civil societies, academicians, researchers and media people.

Survey results for male labor migrants found that for 35% of male migrants, India was the most preferred migration destination; Qatar stood second with a quarter going there. As a bloc, the Gulf countries served destination of migration to 46% of male labor migrants. It revealed that although most of the migrants had heard of and knew about HIV and FP, migrants' use of the services including condoms was limited. Male labor migrants' condom use with wives was only 4%. Male labor migrants also lacked comprehensive knowledge on HIV and AIDS. Their main source of information about HIV was through Radio and TV (44%). The study also highlighted gaps in ongoing development programs on HIV prevention and awareness reaching out to migrants.

Similarly, survey results for wives of male labor migrants showed that current use of family planning among migrant couples was 24% in the surveyed districts. However, women who were living with their husbands at the time of the survey had higher rate of about 43% as compared to 15% among women whose husbands were living away. Two out of five women had unmet need for family planning services, indicating higher unmet need for family planning services among wives of male labor migrants. Similar to the male labor migrant, comprehensive knowledge on HIV and AIDS is low among wives of male labor migrant and only few women had availed services from any HIV and AIDS programs.

The survey was part of the United States Agency for International Development-funded Saath-Saath Project (SSP) and was conducted in collaboration with the Ministry of Health and Population's National Centre for AIDS and STD Control and Family Health Division of Department of Health Services. Survey's field work was carried out by New ERA between August-October 2012 in these four migrant focused districts for SSP. The survey collected information from 690 male labor migrants and 1,028 wives of male labor migrants on key behaviors and knowledge related to FP, sexually transmitted infections (STIs) and HIV. A size estimation of the target populations was conducted prior to the actual study.

### Survey Snapshots

***Survey details***

- Funded by: USAID-funded Saath-Saath Project
- PIs: National Centre for AIDS and STD Control , Family Health Division and Saath Saath Project
- Study district: Bara, Kapilbastu, Nawalparasi, Palpa
- Study population: 690 male labor migrants and 1,028 wives of male labor migrants

***Findings:***

***Male Labor Migrants***

- Average age at first migration: 23 years
- Most migrated destination: Gulf countries (46%) and India (35%)
- Worked as laborer in various sectors abroad: 86%
- Premarital sex among unmarried: 56%
- Comprehensive Knowledge on HIV and AIDS: 58%
- Knowledge on misconceptions on HIV and AIDS: 17%
- Consistent condom use with wives in the past year (n=584):4%
- STI symptoms in the past year: 4%
- Ever had an HIV test: 63%

***Wives of Male Labor Migrants***

- Illiterate : 53%
- Current use of FP among whose husbands live together:43%
- Consistent condom use during last home visit of spouse:3%
- Unmet need for FP: 43%
- Comprehensive Knowledge on HIV and AIDS:53%
- Knowledge on misconceptions on HIV and AIDS:13%
- Ever had an HIV test:5%

---

*For further information: Saath-Saath Project, +977-1-4437173 or fhinepal@fhi360.org*

# प्रेस विज्ञप्ति

## सर्वेक्षण नतिजाले प्रवासी दम्पतिहरुको लागि एचआइभी तथा परिवार नियोजन सम्बन्धी कार्यक्रम बृद्धि गर्नका लागि आह्वान ।

**काठमाण्डौ बैशाख १५, २०७०:** "प्रवासी दम्पत्तिहरुमा एचआईभी, यौनजन्य संक्रमण तथा परिवार नियोजन सम्बन्धी द्रुत लेखाजोखा लगायत परिवार नियोजन सम्बन्धी सर्वेक्षणले नेपालको बारा, कपिलवस्तु, नवलपरासी र पाल्पा जिल्लाहरुका प्रवासी पुरुष श्रमिकहरु र उनीहरुका श्रीमतीहरुमा एचआईभी र परिवार नियोजन सम्बन्धी सेवाहरु बारेको सीमित ज्ञान र उपयोग रहेको खुलासा गर्दै प्रवासीको घर परिवारलाई लक्षित गरी एकिकृत एचआईभी तथा परिवार नियोजन सेवाहरुलाई बृद्धि गर्न र सुदृढ बनाउन सम्बन्धित संस्था र सरकारी निकायहरुलाई आह्वान गरेको छ । सरकार, नागरिक समाज, विज्ञ, अनुसन्धानकर्ता र संचारकर्मीहरुको प्रतिनिधीहरुको सहभागिता रहेको एक कार्यक्रममा उक्त जानकारी आदान-प्रदान गरिएको थियो ।

सर्वेक्षण नतिजाले प्रवासी पुरुष श्रमिकहरु मध्ये ३५ प्रतिशतको लागि मन पर्ने पहिलो गन्तव्य भारत रहेको देखाएको छ भने पुरुष श्रमिकहरुको चौथाई भाग कतार गएर कतारलाई दोश्रो गन्तव्यको रुपमा देखाएको छ । एकमुष्ट रुपमा हेर्दा खाडी देशहरु ४६ प्रतिशत पुरुष श्रमिकहरुको गन्तव्य बनेका छन् । यद्यपी प्रायः जसो प्रवासीहरुले एचआईभी र परिवार नियोजन वारे सुनेका र जानेका भएतापनि कण्डम लगायत परिवार नियोजनसेवाको प्रयोग प्रवासीहरुमा सीमित रहेको कुरा यस सर्वेक्षणले देखाएको छ । प्रवासी पुरुष श्रमिकहरुको श्रीमतीसंग कण्डम प्रयोग ४ प्रतिशत मात्र रहेको छ । प्रवासी पुरुष श्रमिकहरुमा एचआईभी र एड्स वारेको विस्तृत जानकारी पनि कम रहेको पाइयो । उनीहरुको एचआईभी वारेको जानकारीको मूख्य श्रोत टेलिभिजन र रेडियो थियो (४४%) । उक्त अध्ययनले चालु विकाससम्बन्धी कार्यक्रमहरुमा प्रवासीहरुलाई लक्षित गरी गरिएको एचआईभी रोकथाम तथा चेतना अभिबृद्धिसम्बन्धी क्रियाकलापहरु अपुगमात्रामा रहेको प्रकाश पारेको छ ।

त्यसैगरी, प्रवासी पुरुष श्रमिकहरुको श्रीमतीहरुमा गरिएको सर्वेक्षणको नतिजाले सर्वेक्षण गरिएका जिल्लाहरुका २४ प्रतिशत प्रवासी पुरुषका दम्पत्तिहरुले हाल कण्डमको प्रयोग गर्ने गरेको देखाएको छ । यद्यपी सर्वेक्षणको समयमा श्रीमान् सँगै नरहेका श्रीमतीहरुमा रहेको कण्डमको प्रयोग (१५ प्रतिशत) को दांजोमा श्रीमान्हरुसंगै रहेका श्रीमतीहरुमा कण्डमको प्रयोग बढी (करीव ४३ प्रतिशत) रहेको पाइयो । पांच महिलाहरु मध्ये दुई महिलाहरुको परिवार नियोजन सेवाको आवश्यकता पूर्ति नभएको तथ्यले प्रवासी पुरुष श्रमिकहरुको श्रीमतीहरुको ठूलो संख्यामा परिवार नियोजन सेवाको आवश्यकता पूर्ति नभएको देखाउंछ । प्रवासी पुरुष श्रमिकहरुमा जस्तै उनीहरुको श्रीमतीहरुमा पनि एचआईभी र एडस् वारेको विस्तृत ज्ञान कम रहेको छ र थोरै महिलाहरुले मात्रै कुनै एचआईभी र एडस् कार्यक्रमबाट सेवा लिएका पाएइको थियो ।

उक्त सर्वेक्षण,अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोगद्वारा सहयोग प्रदान गरिएको साथ-साथ प्रोजेक्ट (SSP) को अंश थियो र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको राष्ट्रिय एडस् तथा यौनरोग नियन्त्रण केन्द्र र स्वास्थ्य सेवा विभागको परिवार स्वास्थ्य महाशाखासंगको सहकार्यमा संचालन गरिएको थियो । प्रवासी लक्षित यी चार जिल्लाहरुमा साथ-साथ प्रोजेक्टको लागि सर्वेक्षणको फिल्ड कार्य न्यू एरा (New ERA) ले सन् २०१२ को अगष्ट - अक्टोबर वीच सम्पन्न गरेको थियो । उक्त सर्वेक्षणले ६९० जना प्रवासी पुरुष श्रमिकहरु र १,०२८ जना प्रवासी पुरुष श्रमिकहरुको श्रीमतीहरुसँग परिवार नियोजन, यौनजन्य संक्रमण र एचआईभी सम्बन्धी मुख्य व्यवहार र ज्ञान सम्बन्धी जानकारी संकलन गरेको थियो । वास्तविक अध्ययन भन्दा पहिले लक्षित जनसंख्याको अनुमानित संख्या संकलन गरिएको थियो ।

## सर्वेक्षणको झलक

**सर्वेक्षणको विस्तृत वर्णन**

- आर्थिक सहयोग प्रदानः यूएसएआईडीद्वारा सहयोग गरिएको साथ-साथ प्रोजेक्टबाट
- प्रमुख अनुसन्धानकर्ताहरु : राष्ट्रिय एडस् तथा यौनरोग नियन्त्रण केन्द्र, परिवार स्वास्थ्य महाशाखा, र साथ-साथ प्रोजेक्टअध्ययन गरिएका जिल्लाहरु : बारा, कपिलबस्तु, नवलपरासी, पाल्पा
- अध्ययन जनसंख्या : ६९० जना प्रवासी पुरुष श्रमिक र १,०२८ जना प्रवासी पुरुष श्रमिकहरुको श्रीमतीहरु ।

**परिणाम/निष्कर्ष :**
**प्रवासी पुरुष श्रमिक**

- पहिलो पटक प्रवास जाँदाको सरदर उमेर : २३ वर्ष
- प्रायः जसो प्रवास जानेहरुको गन्तव्य : खाडी मुलुकहरु (४६ प्रतिशत) र भारत (३५ प्रतिशत)
- विदेशमा गएर विभिन्न क्षेत्रमा श्रमिकको रुपमा काम गर्ने : ८६ प्रतिशत
- अविवाहितहरुमा विवाहपूर्व यौन सम्पर्क : ५६ प्रतिशत
- एचआईभी र एडस् सम्बन्धी विस्तृत ज्ञान : ५८ प्रतिशत
- एचआईभी र एडस् वारेको गलत धारणा सम्बन्धी ज्ञान : १७ प्रतिशत
- गतसाल श्रीमतीसंग हरेनपटकको यौनसम्पर्कमा कण्डम प्रयोग : (संख्या ५८४) : ४ प्रतिशत
- एचआईभी परीक्षण नगराएका : ६३ प्रतिशत

**प्रवासी पुरुष श्रमिकहरुका श्रीमतीहरु**

- अशिक्षित : ५३ प्रतिशत
- श्रीमान्संगै बस्नेहरुमा परिवार नियोजन साधनको हालप्रयोग गर्नेहरु : ४३ प्रतिशत
- गतसाल श्रीमान् घर आएको बेला कण्डमको हरेकपटकको यौनसम्पर्कमाप्रयोग : ३ प्रतिशत
- परिवार नियोजन सेवाको आवश्यकता पूर्ति नभएको : ४३ प्रतिशत
- एचआईभी र एडस् सम्बन्धी विस्तृत ज्ञान : ५३ प्रतिशत
- एचआईभी र एडस् वारेको गलत धारणा सम्बन्धी ज्ञान : १३ प्रतिशत
- एचआईभी परिक्षण नगराएको : ५ प्रतिशत

थप जानकारीको लागि : साथ-साथ प्रोजेक्ट, +९७७-१-४४३७१७३ वा fhinepal@fhi360.org